# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : २७ अङ्क : ४१ २०६७ जेठ २१ गते शुक्रबार (June 4, 2010) मूल्य रू. ५/-


## गणेशमानभन्दा गिरिजा ठूला रे !

काठमाडौं / उपप्रधान तथा परराष्ट्रमन्त्री सुजाता कोइरालाले आफ्ना स्वर्गीय पिता गिरिजाप्रसाद कोइरालालाई दिएको पदक अस्वीकार गर्ने निर्णय आफैंमा विवादित रहेको प्रष्ट भएको छ। जेठ ११ गते बसेको मन्त्रिपरिषद्को बैठकले विभिन्न व्यक्तिहरूलाई राष्ट्रपतिद्वारा तेस्रो लोकतन्त्र दिवसको उपलक्ष्यमा मान-पदवी र अलंकार प्रदान गर्ने निर्णय गरेर राष्ट्राध्यक्ष राष्ट्रपतिलाई सिफरीस पठाएको थियो। राष्ट्रपतिले मन्त्रिपरिषद्ले पठाएको सिफारिसलाई हेर्दै नहेरी जेठ १५ गते घोषणा गरी दिएका थिए। जेठ ११ गते बसेको मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको भएपनि विभिन्न व्यक्तिहरूले पदक अस्वीकार गर्ने निर्णय गरेका र सुजाता जोष्टका केही कार्यकर्ताहरूले गणेशमानभन्दा गिरिजाप्रसाद कोइराला उच्च तहका नेता भएको हुनाले गणेशमान सिंहले पाए सरहको मुलुकै ठूलो (बाँकी अन्तिम पेजमा)

# सत्ताको झगडाले युद्ध अभ्यास

काठमाडौं / जेठ १४ गते संविधानसभाको म्याद थप्ने विषयमा भएको ३ बुँदे सहमति सत्ता अभ्यास



हुँदै युद्ध अभ्यासको मोर्चा बन्न थालेको छ। माधवकुमार नेपालले राजीनामा देलान र आफ्नो नेतृत्वमा सरकार बनाउँला भनेर बसेका प्रचण्ड फेरि हिस्स बुठी खिस्स दाँत बन्न थालेका छन्। हुन त माओवादीले शान्ति र संविधानको ग्यरेण्टी गर्न राष्ट्रिय सहमतिको सरकार गठन गर्न राज्यको नेतृत्वका लागि पार्टी र पार्टी इतर सबै विकल्पहरू खुला राखेको घोषणा गरेको छ। तर उसको उद्देश्य प्रचण्डकै नेतृत्वमा सरकार गठन गर्ने। आफ्नै



इच्छा अनुसार सेना समायोजन गर्ने, जनसंविधानलाई आधिकारीकता दिने र एक छत्र राज्य गर्ने रहेको छ। माओवादीको यो रणनीति बुझेका कांग्रेस, एमाले र गठबन्धन दलहरूले माओवादीका सामु ६ शर्त तेर्स्याएका छन्। जबसम्म माओवादी ती ६ शर्त मानेर नागरिक दल बन्दैन तबसम्म माओवादीको नेतृत्वमा राष्ट्रिय सरकार बन्न नदिने योजनामा छन्।

जेठ १४ गते ५ दिनमा राजीनामा दिने सहमती भएको छैन, पहिले राष्ट्रिय सहमति नभई प्रम नेपालले राजीनामा गर्दैनन् भन्ने र पहिले राजीनामा गर अनि सहमति भन्ने दुई धारले तरवारको रुप लिदै छ। यो झगडाले राजनीतिक दलहरूबीच भीडन्त हुन सक्ने र यो भीडन्तले रक्तपात निम्त्याउने आँकलन गर्न थालिएको छ। बन्द, हड्ताल, (बाँकी अन्तिम पेजमा)

## राष्ट्रपति पनि नैतिक संकटमा

काठमाडौं / जनआन्दोलन पीडितले सडक आन्दोलन गरेपछि दुर्जकुमार राई र कुवेर रानाको तक्मा खोसिएको छ भने युवराज घिमिरे, दमन ढुङ्गाना, पद्मरत्न तुलाधर, सुबोध प्याकुरेल, डा. भरत प्रधानहरूले तक्मा बहिष्कार गरेको छन्। सबैभन्दा ठूलो र गम्भीर आपत्ति संवैधानिक अङ्ग सर्वोच्च अदालतका प्रधानन्यायाशिस रामप्रसाद श्रेष्ठले जनाएका छन्। एक कानूनी राज्यको सिद्धान्तमा प्रहार गरिएको न्यायपरिषद्लाई समेत जानकारी नदिई अयोग्य न्यायाधिसहरूलाई विभूषित गरिएको आरोप लगाउँदै प्रधानन्यायाधीशले सरकार र राष्ट्रपतिलाई समेत पत्र लेखेका छन्। स्मणीय छ, न्यायाधिशहरू रत्नबहादुर वागचन्द, नवराज उपाध्याय, श्यामप्रसाद लावती, मोहमद जनेद अजादलाई गणतन्त्र दिवसका दिन विभुषित गरिएको थियो। (बाँकी अन्तिम पेजमा)

## पदक वितरणमा राष्ट्रपति पनि विवादमा

अभियान संवाददाता

काठमाडौं / तेस्रो लोकतन्त्र दिवसको उपलक्ष्यमा राष्ट्रपतिद्वारा प्रदान गरिएका विभिन्न पदक तथा विभूषणका बारेमा व्यापक विवाद उत्पन्न भएको छ। सरकारको सिफरिसमा राष्ट्रपतिद्वारा आफ्ना नागरिकहरूलाई विभिन्न प्रकारका पदक तथा विभिन्न विभुषणहरू प्रदान गरिने व्यवस्था अन्तरिम संविधानमै व्यवस्था गरिएको छ। पदक पाउने व्यक्तिहरू नै आफूले पदक पाउनु पर्ने महत्वपूर्ण कार्य नगरेको हुनाले पदक लिन अस्वीकार गरेपछि गणतन्त्रको बहाली पछि पहिलो पटक प्रदान गरिएको पदक र व्यक्तिहरूका बारेमा जनतामा चासो बढेको छ।

एउटै सरकारमा बसेका त्यसमा पनि उप्रधानमन्त्रीजस्तो जिम्मेवार पदमा बसेकी सुजाता जोष्टले आफ्ना बाबु स्व. गिरिजाप्रसाद कोइरालालाई प्रदान गरिएको मुलुककै दोस्रो ठूलो पदक लिन अस्वीकार गर्ने अभिव्यक्ति दिएपछि मन्त्रिपरिषद्ले कसरी निर्णण गर्दोरहेछ भन्ने प्रमाणित भएको छ। पदक पाउने व्यक्तिहरूको नाम हेर्दा सत्तामा बसेका व्यक्तिहरू र तिनीहरूकै वरिपरी घुम्ने व्यक्तिहरूले धेरै पदक पाएका छन्। केही भ्रष्ट र कारवाहीको सिफारिसमा परेका व्यक्तिहरूले समेत पदक पाएपछि उक्त पदकहरूको सम्मान होइन बेइज्जत नै भएको छ। मुलुकका प्रमुख तीन अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका यी तीन अङ्गहरू स्वतन्त्र अङ्ग हुन्, संविधानले नै यिनीहरूको काम, कर्तव्य र अधिकार तोकिदिएको हुन्छ, यी तीन अङ्गको समायोजन नै राज्य हो। यी तीनै अङ्गले एक अर्कामाथि हस्तक्षेप गर्न सक्ने कुनै कानूनी व्यवस्था नभएपनि अहिले पदक वितरणमा कार्यपालिकाले न्यायपालिका माथि हस्तक्षेप गरेर न्यायपालिका प्रमुखको सिफारिस विना नै न्यायाधिशहरूलाई पदक दिइनु न्यायपालिका माथिको ठाडो हस्तक्षेप नै हो।

प्रत्येक अङ्कका प्रमुखहरूले आ-आफ्नो क्षेत्रमा कार्यरत व्यक्तिहरूको मूल्यांकन गरेका हुन्छन्, सरुवा बढुवा, (बाँकी अन्तिम पेजमा)

## सर्वोच्च भन्दछ, पदावधि पूरा गर्न देऊ

अभियान संवाददाता

काठमाडौं / माधवकुमार नेपाल नेतृत्वको सरकारले एक पछि अर्को विवादस्पद निर्णय गर्दै जनतामा नैराश्यता बढाउने कार्यलाई प्राथमिकतामा राखेको छ। नेपाल नेतृत्वको सकरारका मन्त्रीहरूले गैरकानूनी ढङ्गले निर्णय गर्ने गरेका हुनाले उनीहरू मुलुकका लागि मन्त्री जस्ता भएका छैनन्। तेस्रो गणतन्त्र दिवसको उपलक्ष्यमा प्रदान गरिएको पदकले मुलुकमा हलचल नै ल्याइदियो र त्यसलाई सच्याउन सरकार बाध्य भयो। विभूषण समितिले सिफरिस गरेका आधारमा नभएर पार्टीगत र आफ्नो नजिकका व्यक्तिलाई सिफारिस गेरेर अर्को कीर्तिमान सरकारले कायम गरेको छ। नेपाल नेतृत्वका प्रायः सबै मन्त्रीहरू विवादको घेरामा तानिएका छन्। त्यसै क्रममा सूचना तथा सञ्चार मन्त्री शंकर पोखरेलले चार वर्षे पदावधीको व्यवस्था भएको प्रेस काउन्सिलका सदस्यहरूलाई हटाएर एमाले निकट व्यक्तिहरूलाई काउन्सिलमा प्रवेश गराएकोमा सम्मानित सर्वोच्च अदालतले त्यसलाई बदर गरिदिएको छ। कानूनले तोके अनुसार पदावधि पूरा गर्न दिनसमेत अदालतले आदेश दिएको छ।

प्रेस काउन्सिल ऐन २०४८ को (बाँकी अन्तिम पेजमा)

## युरोपियन युनियनको अर्को चिठ्ठी

काठमाडौं / अब बन्ने नयाँ संविधानसभा धर्म परिवर्तन गर्न पाउने जनअधिकार सुनिश्चित हुनुपर्छ भनेर युरोपियन युनियनले राज्यलाई पत्र पठाएको छ भने धमाधम राजनीतिक दलका नेताहरूलाई भेटेर ताकेता गर्न थालेको छ। आर्थिक सहयोग गर्ने, सम्बन्ध राम्रो पार्ने, युरोप धुमाउने अनेक तरिका युरोपियन युनियनका सदस्य राष्ट्रहरूले लगाइरहेका छन्। यसबाट थाहा हुन्छ, स्वार्थ र सम्पत्तिमा ऱ्याल काढ्ने दलका नेताहरू जतिसुकै जनदवाव आए पनि हिन्दू राष्ट्र घोषणा गर्न तयार हुने छैनन्। स्मणीय छ, नेपालमा ८० प्रतिशत हिन्दू धर्म मान्ने छन् भने विश्वमा ४ अर्व जनसंख्या हिन्दू धर्मी छन्। (बाँकी अन्तिम पेजमा)

## स्यावास विश्वेन्द्र पासवान

काठमाडौं / राजेन्द्र खेतान, गगन थापा यस्ता युवाहरूले गत जेष्ठ १४ गते संविधान बन्न नसके २ वर्ष खाएको तलब भात्ता फिर्ता गर्ने र सभासद्बाट समेत राजीनामा गर्छौं भनेर वाहवाही बटुलेका थिए। संविधान बनेन, एक वर्ष म्याद थपियो। खेतान-थापाहरू कसैले पनि राजीनामा गरेनन्, भत्ता फिर्ता पनि गरेनन्।

तर, दलित जनजाति पार्टीका विश्वेन्द्र पासवाले २ वर्ष खाएको १ लाख २० हजार सात सय फिर्ता गरेर संविधानसभाका सबै दल र सभासद्कासामु नैतिक संकट खडागरिदिएका छन्। पासवनले अरु सभासद्हरूलाई समेत काम गर्न (बाँकी अन्तिम पेजमा)

## प्रचण्डजी धोका भएको होइन, दिइएको पो हो !!

शाश्वत शर्मा

अहिले एनेकपा माओवादीका अध्यक्ष प्रचण्ड र उनको टोली 'राँडी रुवाई' गर्न व्यस्त छ। गत मंगलबार आफ्नै पहलमा बोलाईएको कांग्रेस, एमाले र महन्थ ठाकुरको तमलोपा बाहेक संविधानसभामा रहेका सा-साना २२ दलसँगको बैठकमा श्रीमान् प्रचण्डले जेठ १४ राति संविधान सभाको म्याद थप्ने विषयमा आफूहरूको समर्थन प्राप्त गरिसकेपछि पनि प्रधानमन्त्री माधवकुमारको राजीनामा नआएको र आउने छाँटकाँट पनि नदेखिएपछि 'आफूहरूलाई धोका भएको' भनेर बताएको कुरा समाचारमा आएको छ। वास्तवमा यो एनेकपा माओवादी र यसका कहलिएका नेताहरू के हुन ? त्यो नै बुझ्न सकिएन। अघि माधवले राजीनामा नगरी संविधानसभाको 'म्याद मरे पनि थपिन्न' भन्ने, अनि पछि फेरी लिखित 'प्रतिबद्धता' आए मात्र पनि पुग्छ भन्ने, तर अन्तमा एमालेका षडयन्त्रकारी, धुन्धुकारी एवं भारतीय गुप्तचर संस्था 'र' का कारिन्दा भनेर प्रष्टिएका के.पी. ओलीको मौखिक आश्वासनमा लागेर शुरुदेखिका आफ्ना अडानहरू भुसुक्कै बिर्सने– अनि अहिले आएर 'लौन धोका पो भो' भनेर राँडी रुवाई गर्ने ? भन्नु पर्दा यी प्रचण्डहरू सहानुभूतीका नभई धिक्कारका पात्र हुन्। राजनीतिमा दया माया, सहानुभूति केही पनि हुँदैन र चल्दैन भन्ने भन्ने बुझ्दा बुझ्दै, ...राजनीतिमा आश्वासन, प्रतिबद्धता आदी ईत्यादी सबै खोक्रो हुन्छन् भन्ने जान्दा जान्दै त्यस्तो षडयन्त्रकारी के.पी. ओलीको फन्दा पर्ने यिनीहरू वास्तवमा नालायक पनि हुन। अब तीन बूँदे सहमति मध्ये पनि माधवको राजनीनामावाला बुँदा (अष्पष्ट बुँदा) को कार्यान्वयन नगरिए आन्दोलनको आँधी बेहरी ल्याउने कुरा फेरी आउन थालेका छन्- यिनका मुखबाट। ... कसले टेर्छ ? अब यिनलाई ? एक चोटी दुई चोटी पो फट्याँई गर्न सकिन्छ। ...बारम्बार...!! 'र' का अमरेशकुमार सिंह र के.पी. ओलीलाई आफ्नो आर्दश मान्ने श्रीमान् प्रचण्ड एण्ड कम्पनी वास्तवमा हरेक मोर्चामा असफल हुँदै गइरहेका छन्। १२ वर्षे जनयुद्ध पनि असफल (किनभने राजतन्त्र भारतका कारणले विस्थापित (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – अभियानवाणी

अभियान साप्ताहिक

## सम्पादकीय

# सहमति, कागलाई बेल पाक्यो हर्ष न विस्मत

*आफूले पाएको जिम्मेवारी पुरा गर्न नसकेपछि मृत्यु शैयामा पुगेको संविधानसभाको म्याद २०६७ साल जेठ १४ गते मध्यरातमा थपिएको छ । एक वर्षको लागि थपिएको म्याद पनि हचुवाकै भरमा थपिएको छ । मध्यरातमा म्याद थप्नुको कारण के हो भनेर दल र संविधानसभाका अध्यक्ष सुभाष नेम्वाङ्गले समेत जनतालाई जानकारी गराउने प्रयास नगरेर सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको ठाडो अपमान गरेको छन् । दुई वर्ष अघि संविधानसभाको म्याद तोकेर पहिला नै आफ्नो मृत्युपत्रमा हस्ताक्षर गरी सकेको संविधानसभाले आफूलाई नेपाली जनताले दिएको दायित्व निभाउन नसकि फेरी मूलभूत मुद्दाहरूलाई थाँती राखेर पदावधि थप्नु फेरी मुलुकलाई शंकटको भूमरीमा लैजानु मात्र हो । २०६७ साल जेठ १४ गते भित्रमा संविधान निर्माण गरी लागुहुनु पर्नेमा दलहरू आपसी विवादमा अल्झिएर एक अर्काप्रति आरोप प्रत्यारोपमा ओर्लिएका हुनाले तोकिएको समयमा संविधान निर्माण हुन नसकेको सत्य वास्तविकतालाई दलहरूले स्वीकार गर्न नसक्नु दलहरूको अकर्मण्यता र नालायकीपनको राम्रो उदाहरण हो ।*

*संविधानसभाको पदावधि सकिनु भन्दा १५ मिनेट अगाडी तिन ठूला दलहरू संविधानसभाको म्याद थप्न सहमत भएपनि मुलुकमा उत्पन्न भएका समस्याका बारेमा तीन दल बीच कुनै ठोस सहमति भने भएको छैन । तोकिएको समयमा संविधान बन्न नसक्नुका प्रमुख काराणहरू हुन्, माओवादीका पूर्व लडाकूहरूको समायोजन र व्यवस्थापन, माओवादी र उसका भातृ संगठनबाट कब्जामा लिएको सम्पत्ति घर जग्गा फिर्ता, बेपत्ता नागरिक आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोगहरूका बारेमा कुनै ठोस् सहमति नै नगरी समस्याको समाधान खोजिएको हुनाले तीन ठूला दलबीच भएको सहमितले मात्र समस्याको समाधान हुन सक्दैन । संविधानसभामा उपस्थित भएका पच्चीस दलहरू मध्येका तिन ठूला दलहरूले मात्र सहमति गरेर अन्य बाईस दलहरूको अपमान गरेको छन् । तीन ठूला दललाई मात्र जनताले चुनेर पठाएका होइनन् । सबै पच्चीसै दललाई जनताले चुनेर पाठएका हुनाले जनताका प्रतिनिधिहरूलाई पन्छाउने अधिकार तीन ठूला दललाई छैन । माओवादीको भ्रातृ संगठन वाईसीएल अहिले पनि अर्घ सैनिक संरचनामा सञ्चालित भएको हुनाले उबाट नेपाली जनता आतंकित भएका छन् । तर तीन ठूला दलबीच भएको सहमतिमा वाईसीएलको संरचनाका बारेमा कहिकतै केही उल्लेख नहुनु भनेको बृहत शान्ति सम्झौतालाई निष्कर्षमा पुऱ्याउन नखोज्नु नै हो ।*

*नेपालको अन्तरिम संविधानले व्यवस्था गरेका कतिपय प्रावधानहरू अहिलेसम्म पूरा गरिएका छैनन् । अन्तरिम संविधानलाई तीन दलको सहमतिमा सञ्चालित गरिएको छ । मुलुकको मुल कानून भनेको संविधान नै हो । त्यही संविधान अनुसार ऐन कानून नियम र आदेशहरू जारी हुने गर्दछ । तर अहिले दलहरूले संविधान अन्तर्गत रहेर होइन कि सहमतिको आधारमा संविधान सञ्चालन गर्न थालेपछि संविधानलाई देखाउने दाँतमात्र बनाइएको छ । संविधानको धज्जी उडाइएको अवस्थामा मुलुकमा कसरी शान्ति सुरक्षा बहाली हुन र शान्ति प्रक्रिया निष्कर्षमा पुर्दछ अहिलेको प्रमुख समस्या भनेको यहि हो । दलहरूले पटक-पटक एक आपसमा सहमति र सम्झौता गरे पनि सम्झौताको मसी सुक्न नपाउँदै सहमतिलाई आ-आफ्नो पार्टीगत स्वार्थको लागि परिभाषित गर्ने गरेको हुनाले दलहरू बीच भएका सहमति पनि जनताको लागि 'कागलाई बेल पाक्यो हर्ष न विस्मत' जस्तो मात्र भएको छ ।*

*तत्कालीन सात दल र माओवादी बीच भएको १२ बूँदे सहमति र त्यसै अनुरुप भएको बृहत शान्ति सम्झौता पछि जनताले अब मुलुकमा शान्ति सुरक्षा बहाली हुने र कसैले पनि अनाहकमा ज्यान गुमाउनु नपर्ने आश गरेका भएपनि दलहरूकै कारण जनताका ति आशा आशैमा सीमित रहेका छन् । माओवादीलाई गलत बाटोबाट संवैधानिक मार्गमा ल्याएको हुनाले आज उसैको पदचिन्हलाई पछ्याउँदै मुलुकभरमा झण्डै एकसय ३० वटा सशस्त्रधारी समूहहरू जन्मिएका छन् । त्यसरी जन्मिएका समूहहरूले आफूहरूलाई राजनैतिकदल नै भएको बताइरहेपनि केही समुहहरू राजनैतिक समूह नभएर अपराधीक समूहमा परिणत हुँदा पनि सरकार र दलहरू त्यस्ता समूहहरूको पहिचान गर्न असफल सावित भएका छन् । यसरी समग्र मुलुकलाई हेर्दा मुलुकमा शान्तिवहाली हुनुको सट्टा दलहरूकै कारण राजनीतिक मुठभेडमा जाने प्राय: निश्चित दखिएको हामीले महसूस गरेको छौं ।*

# कसलाई प्रतिगामी र कसलाई अग्रगामी भन्ने ?

– देवेन्द्र चुडाल –

असफल सावित भइसकेको संविधानसभाले फेरि एक वर्षको पदावधि आफैंले बढाएको छ । विश्वका कुनै पनि प्रजातान्त्रिक मुलुकहरूमा आफैंले आफ्नो आयु बढाएको इतिहास नभए पनि नेपालमा भने त्यस्तो कार्य भएको छ । संविधानसभाको चुनाव हुनुअघि जारी गरिएको नेपालको अन्तरिम संविधानमै संविधानसभाको आयु तोकिएको थियो । संविधानसभाका सदस्यहरूले पहिला नै आफ्नो मृत्युपत्रका हस्ताक्षर गरिसकेका भए पनि त्यसलाई बेवास्ता गर्दै आफैंले आफ्नो आयु बढाएर कहिं नभएको जात्रा हाँडी गाउँमा भन्ने उखानलाई बिर्साएर कहिं नभएको जात्रा नेपालमा भन्ने नयाँ उखान चलाएका छन् । संविधानसभाको पदावधि सकिनुभन्दा ठीक १५ मिनेटअगाडि संविधानसभाको पदावधि थपेर राजनैतिक दलहरूले नेपाली जनतामाथि राजनैतिक बेइमानी गरेका छन् । संविधानसभाको चुनावअगाडि दुई वर्षभित्रमा नेपाली जनतालाई संविधान दिने कशम खाएर चुनावमा उत्रेका राजनैतिक दल र तिनका नेताहरूले तोकिएको समय-सीमाभित्र संविधान बन्न नसकेकोमा नेपाली जनतासँग क्षमायाचनासम्म गरेनन्, कसको कारणबाट संविधान नबनेको हो, संविधान बनाउन नदिने को हो भनेर नेपाली जनताले थाहै नपाई मध्यरातमा संविधानसभाको पदावधि एक वर्ष बढाइनु राजनैतिक दल र नेताहरूको अकर्मण्यता र नालायकीपनको गतिलो उदाहरण हो ।

मृत्युशैयामा पुगेको संविधानसभाको पदावधि थपिनु कुनै हालतमा उचित थिएन-छैन । नेपाली जनताले दुई वर्षका लागि आफ्ना प्रतिनिधिहरूलाई संविधानसभामा पठाएका थिए, तर त्यो दुई वर्षे कार्यकाल पूरा हुन १५ मिनेट बाँकी रहँदा आफैंले आफ्नो आयु बढाएर संविधानसभाका सदस्यहरूले नेपाली जनताको अपमान गरेका छन् । सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले भोट हालेर आफ्नो प्रतिनिधि छान्ने अधिकारलाई संविधानसभा र खास गरेर तीन ठूला दलहरूले अपहरण गरेका छन् वा अधिकारबाट जनतालाई वञ्चित गरेका छन् । एकपल्ट दिएको मत निश्चित अवधिका लागिमात्र हुन्छ भन्ने मान्यतालाई संविधानसभा र त्यसका अध्यक्ष कानूनका ज्ञाता सुभाषचन्द्र नेम्वाङले समेत धज्जी उडाएका छन् । जनताले दुई वर्षका लागि आफ्ना प्रतिनिधि छानेका हुन् । एक वर्ष पदावधि थप्दा जनतालाई सोधिएन, जनतालाई सत्तामा पुग्ने भऱ्याङमात्र बनाइयो, अनि जनताका अधिकारहरू दलहरूले खोसेर दलहरू नै सार्वभौमसत्ता सम्पन्न भएकोजस्तो व्यवहार गरेर मृत्युशैयामा पुगेको संविधानसभालाई पुन: जीवित गराइयो । के त्यति ठूलो कार्य गर्दा जनतालाई सोध्नु पर्दैन ? दलहरू के जनताका मालिक हुन् ? सार्वभौमसत्ता सम्पन्न मानिएका जनताको हालत यस्तै हो भने अबदेखि नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न भएको नभनेर दलहरूले हाम्रा दास हुन् भने के फरक पर्दछ र ? यदि होइन भने वैधानिकरुपमा मृत्यु भएको संविधानसभा र त्यसका सदस्यहरूलाई अब नेपाली जनताले आफ्ना प्रतिनिधि स्वीकार गर्नुपर्ने अवस्था छैन । २०६७ साल जेठ १४ गते सबै निकायहरू स्वत: टीके भएका छन् । संविधानसभाका सबै सदस्यहरू टीके सभाषद् भएका हुनाले उनीहरूले जनताको हितमा कार्य गर्नसक्ने अवस्था छैन । टीके सभाषद्हरूले जनताको हितमा भन्दा पार्टीगत स्वार्थलाई ध्यानमा राखेर अगाडि बढ्ने भएका हुनाले अब त्यस्ता सभाषद् र संविधानसभाका अध्यक्षलाई समेत नेपाली जनताले बहिष्कार गर्नुपर्दछ ।

नेपाली जनता संगठितरुपमा एकजुट हुन नसकेको अवस्थाको फाइदा उठाउँदै राजनैतिक दलहरूले नेपाली जनतालाई दास बनाएका छन् । संविधानसभामा उपस्थित भएका पच्चीस दलहरू मध्येका तीन ठूला दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र एकीकृत नेकपा माओवादीले मुलुकलाई आफ्नो पेवा र विर्ता ठानेर तीन दलको मात्र सहमतिमा संविधानसभाको पदावधि लम्ब्याउने निर्णय गर्नु अब नेपालमा तीन दलको अधिनायकवादी तानाशाही प्रवृत्ति लाद्न खोज्नुबाहेक केही होइन । संविधानसभामा उपस्थित भएका सबै दलहरू जनताका प्रतिनिधि भए पनि अन्य सबै दलहरूलाई बेवास्ता गरेर तीन ठूला दलहरूले भागबण्डाको राजनीति गरेर मुलुकलाई अहिलेको जस्तो संकटपूर्ण अवस्थामा पुऱ्याएको कसैको आँखाबाट छिपेको छैन । यिनै दलहरूले २०६२ मा भारतको राजधानी नयाँदिल्लीमा पुगेर तिनै भारतीयहरूलाई साक्षी राखी गरेको १२ बूँदे सहमतिको आधारमा गरिएको बृहत् शान्ति सम्झौताले अहिलेसम्म मूर्तरुप पाउन सकेको छैन । माओवादीका पूर्वलडाकूहरूको समायोजन र व्यवस्थापन ६ महिनामा गर्ने भनिए पनि आजका मितिसम्म त्यो कार्य हुन सकेको छैन । माओवादीले कब्जामा लिएको घरजग्गा अहिलेसम्म फिर्ता भएको छैन, न त एकीकृत नेकपा माओवादी नागरिक पार्टीमा नै रुपान्तरण भएको छ । यस्तो अवस्थामा मृत्युशैयामा पुगेको संविधानसभाको पदावधि थप्नुको उद्देश्य के ? विश्वका सबै प्रजातान्त्रिक मुलुकहरूमा मुलुकलाई दूरगामी असर पर्ने मुद्दाहरूका बारेमा जनमत संग्रह गरी निर्णय गर्ने परम्पराको विकास भएको छ, त्यसलाई नेपालले भने सहर्ष स्वीकार गर्न नसक्नुको उद्देश्य के ? जनताले दुई वर्षका लागि छानेका प्रतिनिधिहरूले आफैंले आफ्नो आयु बढाउने परम्परा विश्वका कुनै पनि प्रजातान्त्रिक मुलुकहरूमा विद्यमान छैन । तर, आफूलाई प्रजातन्त्रको ठेकेदार सम्झने र संविधानसभालाई आफ्नो माग भन्ने, अनि जनताका सेवक हौं भनेर ठूला-ठूला कुरा गर्ने एकीकृत नेकपा माओवादीले समेत संविधानसभाको पदावधि लम्ब्याएर आफूहरू टीके सभाषद् हुनखोज्नुको रहस्य के ?

मृत्युशैयामा पुगेको संविधानसभाको बैधानिकता अन्त्य भएको छ । संविधानसभाले गर्ने प्रत्येक कार्यहरू अब जनताका प्रतिनिधिहरूले गर्ने नभएर टीके सांसद्ले गर्ने भएका हुनाले उनीहरूले गर्ने कार्यलाई जनताले स्वीकार गर्नुपर्दछ भन्ने कुनै कानूनी बाध्यता छैन । आफूहरूलाई प्रजातन्त्रको हिमायती ठान्ने दलहरूले संविधानसभाको पदावधि थप्नुको बदला ताजा जनादेशका लागि अगाडि बढेका भए त्यसमा सम्पूर्ण नेपाली जनताको सहयोग र समर्थन रहन सक्थ्यो, तर त्यसतर्फ उनीहरू अगाडि बढ्न सकेनन् र त्यसको विकल्पमा आफैंले आफ्नो पदावधि लम्ब्याए । नेपाली कांग्रेस-नेकपा एमालेलगायत अन्य दलहरूले राप्रपा नेपाललाई राजावादी पार्टी भन्ने गरेका छन् । सही अर्थमा राप्रपा नेपाल राजावादी पार्टी हो र उसको नीति सही-स्पष्ट छ । राप्रपा नेपालजस्तो पार्टीले संविधानसभाको पदावधि लम्ब्याउनु हुँदैन, त्यसको बदला ताजा जनादेश लिनु उपयुक्त हुन्छ भन्ने माग गऱ्यो र संविधानसभाको पदावधि लम्ब्याउने विषयको विपक्षमा मत हाल्यो । प्रजातन्त्रका ठेकेदारहरूले चुनावमा जानुभन्दा टीके भन्न नै मन पराए, यो भन्दा ठूलो विडम्वना अरु के हुनसक्छ ? प्रतिगामी भनिने पार्टीले चुनावको माग गर्दछ, अनि प्रजातान्त्रिक भन्ने पार्टीहरू चुनावको विपक्षमा उभिन्छन्, अब कसलाई प्रतिगामी र कसलाई अग्रगामी भन्ने ?

यसरी यी असंवैधानिक कार्यहरूले गर्दा मुलुकलाई असफल राष्ट्रमा परिणत गर्न तीन ठूला दलहरू उद्दत रहेका छन् । जनताको अधिकार खोसेर दलहरूले आफैं सार्वभौमसत्ता सम्पन्न भएको आभाष जनतालाई दिइरहेका हुनाले यिनै तीन ठूला दलहरूको अधिनायकवादी तानाशाही प्रवृत्ति स्वीकार गर्न जनता बाध्य भएका छन् । जनता संगठित भएको भए जनताले सरकारलाई करलगायत अन्य राजस्व तिर्नुपर्ने अवस्थामा आउँदैन थियो । के जनताले ६०१ टीके सभाषद् र मन्त्रीहरूलाई पाल्नका लागि कर तिरिरहने ? आफ्नो अधिकार दलहरूले खोस्दासमेत जनता संगठितरुपमा अगाडि बढ्न सकेका छैनन् । त्यसैको फाइदा उठाउँदै दलहरूले जनतालाई सार्वभौमसत्ता सम्पन्न होइन, आफ्नो दास र सत्तामा पुग्ने भऱ्याङमात्र बनाएका छन् । नत्रभने तोकिएको समयमा कसका कारण संविधान बन्न सकेन, त्यसको दोषी को हो भनेर जनतालाई कुनै जानकारी नै नदिई मध्यरातमा संविधानसभाको पदावधि थप्नुको उद्देश्य के ? निश्चित समय-सीमाभित्रमा संविधान बन्न नसकेकोमा दलका नेताहरूले नेपाली जनतासामु किन माफी माग्ने प्रयाससम्म गरेनन् ? संविधानसभामा सबैभन्दा ठूलो दल भएको एकीकृत नेकपा माओवादीले समेत पाँचतारे होटलमा बसेर तीन दलबीच सहमति गरेर संविधानसभालाई देखाउने दाँतमा मात्र सीमित किन गऱ्यो ? सबै कार्यहरू पाँचतारे होटलमै सम्पन्न गर्ने भएपछि संविधानसभाको औचित्य के रह्यो ? तीन ठूला दलका केही नेताहरू बसेर गरेको कथित् सहमतिलाई ती दल र अन्य दलका नेता तथा कार्यकर्ताहरूले स्वीकार गर्नु भनेको दास प्रवृत्तिबाहेक अन्य केही होइन । खान पाइन्छ भनेर... नै त खानुभएन नि ! तर, त्यही भयो अहिले । भनिन्छ, कहीं नभएको जात्रा नेपालमा । अब हामी सबै मिलेर वैधानिकता समाप्त भएको संविधानसभाको शोक मनाउनै पर्दछ । शोक मनाउनुबाहेक अन्य विकल्प के छ र ? निरीह नेपाली जनता सामू ।

# ऊर्जा कम्पनी चेभरोनमाथि आयव्यय सार्वजनिक गर्न दबाब

*– मारवान माकन-मार्कर*

बहुराष्ट्रिय ऊर्जा कम्पनी चेभरोनका सेयरहोल्डरहरू यही मे महिनाको अन्त्यमा अमेरिकी सहर ह्युस्टनमा वार्षिक बैठक गर्दैछन् । यस बैठकमा उनीहरूले करेन आदिवासी नाइङ हुसँग आमनेसामने

हुनुपर्नेछ । सैनिक शासित बर्मामा ऊर्जा विकासमा लागेको चेभरोनका कारण नाइङ हुजस्तै करेन समुदायले औधी पीडा र दुर्व्यवहार सहनु परेको छ ।

"चेभरोनको लगानीबाट बर्मामा भएको सम्पूर्ण कुरा सार्वजनिक गर्न चाहन्छु," ३० वर्षीय यी करेन अल्पसंख्यकको सङ्कल्प

छ । "सेयरहोल्डरको पैसा कहाँ गएको छ र यसबाट भइरहेको पीडाका बारेमा थाहा हुन जरुरी छ ।"

नाइङ हु आफ्ना अघिल्तिरका चुनौतिसँग भने खासै त्रसित छैनन् । दक्षिणी बर्माको विवादास्पद यादाना प्राकृतिक ग्यास पाइपलाइनका सम्बन्धमा चेभरोनका सेयरहोल्डरलाई सम्बोधन गर्ने उनका लागि यो पहिलो अवसर पनि हो । "परिवर्तनका निम्ति उपयोग गर्ने यो अवसर पनि हो," उनले आईपीएसलाई बताए । उनले चेभरोनको बैठकमा यही मे २७/२८ मा सम्बोधन गर्नेछन् ।

अमेरिकी कर्पोरेट संस्कृतिलाई लिएर चेभरोनका सेयरहोल्डरमाथि यसले थप दबाब सिर्जना गर्नसक्दछ । "उनीहरूले बर्मा समेत विदेशका सरकारलाई गरेको भुक्तानीको विवरणमा वार्षिक बैठकमा मतदान गर्नेछन्," वाशिङ्टनस्थित वातावरण तथा अधिकार समूह अर्थराइट्स इन्टरनेसनल (इआरआई) ले भनेको छ ।

तर बर्मामा आर्थिक पारदर्शितालाई लिएर चेभरोनमाथि अन्य पक्षबाट समेत दबाब पर्ने अनुमान गरिएको छ । अमेरिकी कङ्ग्रेसमा विचारधीन विधेयक यदि पारित भएमा बर्मामा कार्यरत कम्पनीले तेल, ग्यास र खनिज उत्खनन्बाट प्राप्त हुने नाफालाई सार्वजनिक गर्न बाध्य हुनुपर्नेछ । साथै, ती कम्पनीले विश्वका कुनै पनि स्थानमा गर्ने लगानीको विवरण समेत देखाउनुपर्नेछ ।

'ऊर्जा सुरक्षाका लागि पारदर्शिता ऐन' मा ऊर्जा क्षेत्रमा कार्यरत अमेरिकी र अन्य कम्पनीले पूर्ण आर्थिक विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ । यस कानुन अन्तर्गत अमेरिकी सेक्युरिटी एण्ड एक्सचेन्ज कमिसन (एसइसी) मा दर्ता भएका सबै विदेशी तेल, ग्यास र खनिज क्षेत्रमा कार्यरत कम्पनीले छानविनका लागि आफ्ना खाता सार्वजनिक गर्नुपर्ने छ ।

"कङ्ग्रेसमा विचाराधीन यो विधेयक विशिष्ट किसिमको छ," इआरआईका निम्ति बर्मेली योजनाका संयोजक म्याथ्यु स्मिथ बताउँछन् । "यो कानुन बर्मामा लगानी गरिरहेका चीन, भारत र दक्षिण कोरियाबाट आएका र एसइसीमा दर्ता भएका ठूला कम्पनीका निम्ति समेत लागू हुनेछ । यसले व्यापक असर पार्नेछ ।"

यही कानुनको आडमा अप्रिल २७ मा विश्वव्यापी अभियान नै आरम्भ गरिएको थियो । यो अभियान अन्तर्गत चेभरोन, फ्रान्सेली कम्पनी टोटल र थाइल्याण्डको राज्य नियन्त्रित ग्यास र तेल कम्पनीलाई समेत बर्माको सैनिक सत्तालाई विगत १८ वर्षमा भुक्तानी गरेको रकम सार्वजनिक गर्न माग गरिएको थियो ।

श्रमिक युनियन, गैर सरकारी संस्थाहरू, लगानी फार्म सम्बन्धी विज्ञहरू र राजनीतिक नेताहरू समेत १६० भन्दा बढीले त्यहाँ कार्यरत कम्पनीको आर्थिक पारदर्शिता कायम हुनुपर्ने अभियानमा हस्ताक्षर गरेका छन् । यस अभियानमा नर्वेका पूर्वप्रधानमन्त्री र आयरल्याण्डका पूर्वराष्ट्रपतिले समेत हस्ताक्षर गरेर समर्थन जनाएका छन् ।

"बर्मामा पारदर्शिताका लागि टोटल, चेभरोन र पिटिटिईपीलाई आह्वान" नामको दुई पृष्ठको वक्तव्य मार्फत बर्मेली सरकारलाई १९९२ यता बुझाइएको कर, शुल्क, रोयल्टी र लाभाँशको विस्तृत तथ्याङ्क र जानकारी प्रकासन गर्न कम्पनीहरूलाई आग्रह गरिएको छ । सन् १९९२ देखि यादना ग्यास पाइपलाइन बिछ्याउने सम्झौतामा हस्ताक्षर भएको थियो ।

सन् २००८ मा टोटलले बर्मेली जुन्तालाई बुझाएको करले जुन्ताको कोषमा महत्वपूर्ण हिस्सा ओगटेको सङ्केत गरेको छ । टोटलले कर वापत करिब २५ करोड ४० लाख अमेरिकी डलर भुक्तान गरेको सन् २००९ मा सार्वजनिक गरिएको थियो । "यो भुक्तानी राम्रै देखिए पनि पर्याप्त होइन । बर्मेली सरकारलाई भुक्तानी गरेको विस्तृत विवरण हामीले चाहेका हौं," स्मिथले आईपीएसलाई बताए । "थाइल्याण्डमा चेभरोनको लगानीसम्बन्धी आर्थिक विवरण पारदर्शी छ र अमेरिकामा पनि यसको विवरण सहजै प्राप्त गर्न सकिन्छ ।"

विवादास्पद पाइपलाइनका आलोचकहरूले यी कम्पनीबाट प्राप्त हुने आयबाट तानाशाही शासनले लाभ मात्र लिइरहेको बताएका छन् । यो आम्दानीको झिनो हिस्सामात्र पीडा झेलिरहेका बर्मेली जनतासम्म पुग्ने गरेको उनीहरूको धारणा छ । सन् २००० देखि २००८ सम्म जुन्ता सरकारले ग्यास बिक्रीबाट मात्र आठ अर्ब अमेरिकी डलर आर्जन गरेको अनुमान गरिएको छ ।

करेन जातिको बसोबास नजिकैबाट पाइपलाइन गएको भए पनि त्यसबाट उनीहरूले खासै लाभ पाएका छैनन् । पाइपलाइनको मार्गका छेउछाउका गाउँहरूले विद्युत सेवा नपाएर मैनवत्तीको सहारा लिनु परेको छ । यो प्राकृतिक ग्यास अन्डमान समुद्री तटीय क्षेत्रबाट थाइल्याण्डसम्म पुगेको छ ।

तर १३० वटा जातीय अल्पसंख्यकमध्येका करेनहरूले थाइल्याण्डको ऊर्जा आपूर्ति धान्नका निम्ति सन् १९९१ मा विवादास्पद पाइपलाइन निर्माण भएदेखि धेरै पीडा सहनु परिरहेको छ । बर्मेली सेनालाई यो पाइपलाइन निर्माणको चरणमा सुरक्षा प्रबन्ध गर्न खटाइएको थियो । यसक्रममा सेनाबाट भएका मानव अधिकार उल्लङ्घन र दुर्व्यवहारका घटनाप्रति बर्मेली सरकारमाथि औंला ठड्याइएको थियो ।

झण्डै १४ बटालियन सेना परिचालन गरी व्यापकरूपमा सैनिकीकरण गरिएको यस इलाकामा करेन गाउँलेमाथि बलात्कार र यातना दिइने गरिएको थियो । "मानव अधिकारका उल्लङ्घनका घटना आज पनि निरन्तर छन्," करेन मानवअधिकारकर्मी नाइङ हु बताउँछन् ।

"बहुराष्ट्रिय कम्पनीहरूले बर्मामा गरिरहेको व्यापारले बर्मेली शासनसत्तालाई टिकाउन मद्दत गरिरहेको छ र जुन्ता सरकार त्यही कारण परिवर्तनप्रति त्यति इच्छुक छैन," शे ग्यास योजना विरोधी अभियानका संयोजक वोङ आङ बताउँछन् । चिनीया ऊर्जा सङ्कट समाधान गर्न निर्माण भइरहेको अर्को तेल र ग्यास पाइपलाइन योजनाका विरोधमा यो अभियान सञ्चालित छ । "आयव्ययको पारदर्शिता नै मुख्य कुरा हो ।"

"बर्माका नागरिकका लागि पनि आयव्यय सार्वजनिक गर्ने अभ्यासको थालनी हुनुपर्दछ । यी जानकारीका आधारमा प्राकृतिक स्रोतबाट प्राप्त धनको प्रयोगलाई अनुगमन गर्न र जवाफदेहिताका लागि माग गर्न सकिन्छ । हालसम्म यी दुबै कार्य हुन सकेका छैनन्," उनी भन्छन् । "यदि शे ग्यास योजना अघि बढ्यो भने बर्मेली शासनले ३० वर्षको अवधिमा २९ अर्ब अमेरिकी डलर आर्जन गर्नेछ ।"

# प्रचण्ड दरबारमा गोली चल्यो

काठमाडौं / प्रचण्डजस्ता नेताको सुरक्षामा खटिएका लडाकूको हातबाट बन्दुक खस्छ र ३ गोलि आफै चल्छ भन्ने समाचारले राजनीतिक, कुटनीतिक र आमजनतामा आश्चर्य फैलिएको छ । प्रजातन्त्रमा देउवाले बन्दुकको आँखा हुँदैन भन्थे र त्यतिबेला झ्यालमा बसेका नागरिक मरेका थिए । लोकतन्त्रकमा बन्दुक गार्डको हातबाट फुत्त खस्छ र फटाफट गोली चल्छ । कसरी गोली चल्यो को मऱ्यो अथवा को घाइते भए माधव नेपालको सकराररले प्रचण्ड निवास पस्ने अुनमति पाएन उसले केही पनि थाहा पाएन । डा.भक्तमान श्रेष्ठको जेठ ४ गते अपहरणमा संलग्न माओवादीका शीर्ष नेताको घरमा गोली चल्न थाल्नुले माओवादी पार्टी भित्र ठूलै विप्लवको खतराको घण्टी बज्न थालेको अनुमान पनि गर्न थीलएको छ ।

प्रचण्ड लोक हुन कि होइनन् ? लोक हुन भने गोली चलिसकेपछि राज्यले अनुसन्धान गर्न पाउने कि नपाउने ? के प्रचण्ड समानान्तर सरकार हुन् ? सरकार नै भए पनि कानूनत : त्यसबारे जान्ने हक जनतालाई पनि छ । तर नेपाल सरकार प्रचण्ड निवास जाँदा फर्काइयो । लडाकूले जबर्जस्ती गरे, सकारको सुरक्षा भिजेको मुसो भएर फर्कियो । यो कस्तो लोकतन्त्र हो ? धेरैको प्रश्न छ ?

**अस्ट्रेलियामा...**

स्टोक्सले मेलबोर्नको सार्वजनिक भेलामा बताइन् । जमिनको स्वामित्वका विषयमा विवाद गर्ने स्टोक्स मात्र एक्ली होइनन् ।

मिलवायी र विरटिकु वंशका सदस्य तथा अन्य नागपा वंशका सदस्यको संयुक्त पत्राचारलाई अप्रिल १२ को दोस्रो सिनेट सुनुवाईमा प्रस्तुत गरिएको थियो । त्यस पत्रमा प्रस्तावित जमिन लाउडर परिवारको नभई वास्तवमा मिलवायीको रहेको जिकिर गरिएको छ । "हामीले नागपा वंशसम्बन्धी जीववैज्ञानिक अनुसन्धानमा आधारित प्रमाणका लागि एनएलसीबाट जानकारी उपलब्ध गराउन माग गरेका छौं," पत्रका हस्ताक्षरकर्ताले बताएका छन् ।

अस्ट्रेलियाका ग्रिन पार्टीका सिनेटर स्कट लुडलामले रेडियोधर्मी फोहोर मिल्काउन छनौट गरिएको मुकाटी योजनामा गडबडी देखिएकाले बदर गर्न माग गरेका छन् । "धेरैवटा परम्परागत स्वामित्वधारीले सामुहिक निर्णय प्रक्रियाबाट बहिस्कृत गरिएको बताएका छन् । दाबी सही छ भनिए पनि सबैलाई परामर्श नगरिएको र कहिल्यै स्वीकृती नलिइएको प्रस्ट भएको छ," लुडलाम बताउँछन् ।

अस्ट्रेलियाली संरक्षण प्रतिष्ठान (एसिएफ्) का गैर-आणविक अभियानकर्ता डेभ स्वीनीले रेडियोधर्मी फोहोरका सम्बन्धमा आफ्नै पार्टीको नीति भङ्ग गरेको भन्दै मन्त्री फर्गुसनको आलोचना गरेका छन् ।

एसिएफ् अधिकारकर्मीले सन् २००७ मा सत्तारुढ अस्ट्रेलियाली लेबर पार्टीले "नयाँ प्रक्रिया, समुदायको सहभागिता र अनुमतीका आधारमा नयाँ स्थान छनौटको अध्ययन, राम्रो वैज्ञानिक अध्ययन, दरिलो एवं पारदर्शी प्रक्रिया र सिद्धान्तमा आधारित" रहेर कार्य गर्ने प्रतिज्ञा गरेको बताएका छन् ।

स्वीनी रेडियोधर्मी फोहोरको असर हजारौं वर्षसम्म रहने, यसले क्यान्सर र वंशाणुगत परिवर्तन गर्नसक्ने, वाहिरी वातावरणमा पुग्नसक्ने, खाद्यान्न र मानिसको जमिनसँगको सम्बन्धमा असर पार्नसक्ने तर्क गर्दछन् । युद्ध रोकथामका मेडिकल एसोसिएसनका अध्यक्ष डा. बिल विलियम्स रेडियोधर्मी फोहोर चुहिएमा यो खाना र पानीबाट सहजै मानिसको शरीरमा प्रवेश गर्ने तथा हावामा फैलने रेडियोधर्मीले सोझै फोक्सोमा असर पार्ने बताउँछन् ।

"आणविक रेडियोधर्मी विकिरण मानव शरीरमा प्रवेश गरेमा त्यसबाट बच्ने कुनै उपाय छैन," उनी चेतावनी दिन्छन् ।

## भावपूर्ण श्रद्धाञ्जलि



नारायणहिटी राजदरबारमा भएको अकल्पनीय दूर्घटनामा परी स्वर्गबास हुनुभएका तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य, राजा दीपेन्द्र, अधिराजकुमार निराजन शाह र अधिराजकुमारी श्रुती राणालगायत राजपरिवारका अन्य सदस्यहरूको नवौं वार्षिक पुण्यतिथिमा दिवङ्गत आत्माहरूको चीरशान्तिका निम्ति भगवानसँग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

अभियान साप्ताहिक परिवार

# Indian Water Hegemony

**I.A. Pansohta**

According to Carl Marx, economic interests dictate the course of history. If we grill this statement with regard to Pakistan and India, it would be more appropriate to say that water decides the true mechanism of any state's survival and political profile. Any water controversy between India and Pakistan indicates lack of monitoring and implementation of Indus Water Treaty, 1960 in its letter and spirit. Water is gift of Almighty Allah and a symbol of life. The scarcity of water means strangulation, and drought resulting into a chain action leading to one after the other problem e.g. land erosion, shortage of agricultural products, price hike, un-employment, law and order situation, chaos and anarchy and its ultimate product violence breeding more violence.

There is no concept of plant life without water. Irrigation is life-line and life blood of all living creatures - be it animals or plants. More than 70% economy of Pakistan is based on the agriculture product. The same situation is faced by other South Asian states like Nepal, Sri Lanka, Bangladesh and Bhutan. It means the mainstay of survival of both rivals i.e. Pakistan and India rests on the availability of water. If both the countries do not fight against each other then water blockade by one state can defeat the other.

During the last couple of years, confrontation between India and Pakistan over the construction of Bughliar Dam created much bitterness between the two countries. Both countries already had a bitter dispute over the Indus water. Similar situation was faced by Bangladesh over the Indian construction of a canal, to divert the water of Brahmaputra. Tension also prevails between India and Nepal, India and China – that may one day take a serious turn, as all the entities claim their share of water over the river water passing through their respective territories.

Apart from the survival criteria, the water of India and Pakistan also decide their respective prowess to twist the arms or brow beat its rival. When Pakistan raised her voice against hegemonic and expansionist designs, no body bothered to heed. But now, when the water crisis has become the matter of life or death, her policies to choke the water resources by building dams such as Dulhasti, Dugar, Gondhala, Reoli/Dugli, Sach-Khas, Tandi, Teling Tinget, Sawalkot, Seli, Raoli and Kirthal hydropower projects, besides Baghliar Dam on Chinab further aggravated Pakistan's position. According to the reports, India has also commenced its projects like Uri-I and Uri-2, on the same river. According to Indian Prime Minister there are actually 67 projects, nineteen out of these have already been completed.

According to John Briscoe and Usman Qamar who compiled their book titled 'Pakistan Water Economy – Running Dry' claims that Pakistan is one of the world's most arid countries, with an average rainfall of under 240mm a year. The population and the economy are heavily dependent on an annual influx into the Indus river system (Including the Indus), Jhelum, Chenab, Ravi, Beas, and Sutlej rivers of about 180 billion cubic meters of water, that emanates from the neighboring countries and is mostly derived from the snow melt in the Himalayas...The first challenge arose because the lines of partition of the Indo-Pak subcontinent severed the irrigated heartland of Punjab from the live giving waters of the Ravi, Beas and Sutlej rivers. In the unprecedented triumph of water diplomacy, Pakistani engineers, together with their Indian counterparts and the World Bank, negotiated the Indus Waters Treaty giving Pakistan right in perpetuity to the waters of Indus, Jhelum and Chenab rivers, which comprise 75 percent of the flow of the whole Indus system.

Experts on the water division surveyors divide this region into three distinct plains; Indus Valley (mostly in Pakistan), the Punjab Valley (divided between India and Pakistan including Haryana plains) and the Middle and Lower Ganga Valley. By another definition, the Indo-Gangetic Plain is divided into two drainage basins; eastern part consists of the Ganga-Brahmaputra drainage systems and Delhi Ridge. These regional distinctions are based primarily on the availability of water. In terms of availability of water, Indian reservoir of water that it received through Brahmaputra and Ganga is much bigger than the share Pakistan received under Indus Water Treaty.

Pakistan objected to the construction of the Dams on the Indus and Chenab in Jammu and Kashmir which is part of the large dispute on water sharing of the Indus River and its tributaries. Will the whole South Asia die of hunger and lack of their bare necessities of food requirements, while Indian hegemonic and expansionist goes on by tightening the noose around their necks to force them to perish by keeping the shutter control in their hands.

## 'Authorities, CBI shielding culprits of Shopian incident'

*Srinagar, (KMS): In occupied Kashmir, the family members of the two women, Asiya and Neelofar, who were molested and murdered in Shopian by Indian troops on May 29, last year, have said that the occupation authorities and Central Bureau of Investigation (CBI) are shielding the culprits.*

*Shakeel Ahmed Ahangar, husband of Neelofar and brother of Asiya, told newsmen that the CBI staged the exhumation drama only to add insult to injuries of the family. "The probe report submitted by CBI was nothing more than a bundle of lies," he said.*

*Shakeel said that he would continue to fight for justice at all costs. "I am thankful to people of Shopian, in general, and Majlis-e-Mushawrat, in particular, for their support. I would not have been able to do anything alone," he said.*

*Asiya's elder sister, Roohi a student of B.SC 3rd year, said, "Asiya was a very quiet, sober, simple and down to earth girl. She never showed any interest in going for shopping and buying trendy clothes or ornaments but used to prefer buying books and science magazines."*

# अस्ट्रेलियामा आणविक फोहोरको भण्डार गर्ने विषयमा विवाद

*– स्टेफ्न डि टारजिन्स्की*

अस्ट्रेलियाको सुदूर उत्तरी भागमा बसोबास गर्ने आदिवासी जमिनदारहरू आफ्ना जमिनमा मुलुककै दिर्घकालीन आणविक फोहोर भण्डारण निर्माण गर्ने सरकारी योजनालाई लिएर सङ्घर्षरत छन्। वारुमुङ्गु र वार्लमान्पा जातिकी आदिवासी महिला डायना स्टोक्स आफ्नो मुकाटी स्टेशनस्थित पुर्ख्यौली जमिनमा रेडियोधर्मी फोहोर भण्डारण गर्ने कुराको विरोधमा छिन्। टेनान्ट क्रिक सहरबाट झण्डै २०० किलोमिटर उत्तरमा रहेको यो मुकाटी स्टेसन पूर्वजहरूको गाइवस्तु पाल्ने ठाउँ हो।

"हामी यो आणविक भण्डारण उत्तरी क्षेत्रमा नबनोस् भन्ने चाहन्छौ। कसैले पनि यसलाई रुचाएका छैनन्," स्टोक्सले अप्रिल २१ मा मेलबोर्नमा आयोजित सार्वजनिक कार्यक्रममा बताइन्। अस्ट्रेलियाको रेडियोधर्मी फोहोर कसरी तह लगाउने भन्ने विषयमा दशकौंदेखि बहस भइरहे पनि कुनै निर्णय हुन सकेको छैन। अस्ट्रेलियामा चिकित्सा, औद्योगिक, कृषि र अनुसन्धानका क्रममा रेडियोधर्मी सामग्रीको प्रयोग हुने गर्दछ।

मुलुकका विभिन्न भागमा हाल यो फोहोर भण्डार गरिएको छ। केही अस्ट्रेलियाली रेडियोधर्मी फोहोर स्कटल्याण्ड र फ्रान्समा समेत भण्डारण गरिएको छ। वर्तमान केभिन रुडको नेतृत्वमा रहेको सरकार र विगतको जोन होवार्डको सरकारले पनि यी स्थानहरूलाई अस्थायी बताउँदै आएका छन्। उनीहरू फोहोर व्यवस्थापनका निम्ति स्थायी स्थानको व्यवस्था गर्न प्रयासरत छन्।

संसदमा दर्ता भएको एउटा विधेयकले विगतमा प्रस्ताव गरिएका तीनमध्ये अस्ट्रेलियाली प्रतिरक्षा बल रहेको स्थान प्रयोग गर्ने कुरालाई अस्वीकार गरेको छ। विधेयकले मुकाटी स्टेसनलाई विचार गर्न सकिने भनी सम्भावित स्थलको रूपमा पहिचान गरेको छ।

ऊर्जा एवं स्रोतसम्बन्धी मन्त्री मार्टिन फर्गुसनले विधेयकले राज्य वा टेरिटोरीका कुनै समुदायमाथि स्वाभाविकरूपमा थोपर्छ भन्न नसकिने बताएका छन्। नागपा सदस्यहरूले सन् २००७ मा मुकाटीमा भण्डारण गर्न दिनेसम्बन्धी प्रस्तावित विधेयकमाथि सहमती जनाएको उल्लेख छ।

यो वंश धेरैवटा पुरातन पारिवारिक समूहमध्ये एक हो। उनीहरूनै मुकाटी स्टेसनको जमिनका परम्परागत हकदार हुन्। "हामीले निर्णय गरेका छौं, हामीले हाम्रै जमिन चुनेका छौं किनभने हामी आफ्ना केटाकेटीको भविष्य राम्रो बनाउन चाहन्छौं," नागपा प्रवक्ता आमी लाउडरले विधेयकका सम्बन्धमा मार्च ३० मा सिनेटमा भएको सुनुवाईमा बताइन्।

लाउडर र उनका परिवारले फोहोर व्यवस्थापन गर्ने स्थानको निर्माण गर्नेक्रममा क्षतिपूर्ति स्वरूप १ करोड २० लाखभन्दा बढी अस्ट्रेलियाली डलर प्राप्त गर्नेछन्। "फोहोरलाई सुरक्षित ढङ्गबाट भण्डारण गरिन्छ भन्नेमा हामी ढुक्क छौं र आउँदा केही वर्षसम्म यसको वातावरणीय असरलाई समेत हेरिनु पर्दछ। नागपा वंशको हैसियतले यस निर्णयप्रति हामी एकबद्ध छौं," लाउडरले सिनेट समितिमा भनिन्।

यस अभियानलाई नर्दन ल्यान्ड काउन्सिल (एनएलसी) ले समेत समर्थन जनाएको छ। यस काउन्सिलमा उत्तरी क्षेत्रका आदिवासी जमिनदारको प्रतिनिधित्व रहेको छ। एनएलसीले सन् २००७ मा नागपाका तर्फबाट मुकाटीलाई मनोनयन गरिसकेको छ।

"नागपाले मुलुकको रेडियोधर्मी फोहोरलाई व्यवस्थापन गर्नका लागि आफ्नो पुर्ख्यौली जमिन उपलब्ध गराएर साहसिक कदम चालेका छन्," एनएलसीका प्रमुख कार्यकारी अधिकृत किम हिलले बताए। मुकाटी स्टेसनको जमिन लाउडर वंशको रहेकोमा कुनै पनि व्यक्तिले प्रश्न नउठाएको हिल तर्क गर्दछन्। तर यसमा अहिले विवाद उत्पन्न हुन लागेको देखिएको छ।

"फोहोर थुपार्न लागेको जमिन आमी लाउडरको होइन," डायना

(**बाँकी तीन पेजमा**)

# पाकिस्तानमा गर्भपतनको क्रम रोकिएन

*जोफिन इब्राहिम*

परवीन रियाज (३६) ले छ जना छोराछोरी जन्माएपछि अन्तत: स्थायी बन्ध्याकरण गराएकी छिन् । तर परिवार नियोजनका विधि र गर्भपतनका जोखिमका सम्बन्धमा आधारभूत ज्ञान भए पनि छ वर्षको अन्तरालमा उनले चारपटक गर्भपतन समेत गराइन् । "पाँचौंपटक गर्भवती भएपछि मैले आफ्नो गर्भ फाल्ने निर्णय गरेकी थिएँ," रियाज बताउँछिन् । उनले तालिम नलिएका स्वास्थ्य सहायक 'दाई' बाट गर्भपतन गराएको समेत बताइन् ।

सुरक्षित र स्थायी बन्ध्याकरण गर्ने निर्णय लिनुअघि उनले दुईपटक गर्भपतन गराइसकेकी थिइन् । कराँचीको दक्षिणी तटीय सहरमा रियाज र उनको परिवार बस्दै आएको छ । उनीहरूसँग पारपाचुके गरेकी छोरी र दुईजना नातीनातिना पनि छन् । पछिल्लो पाकिस्तानी जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (पिडिएचएस २००६-७) का अनुसार पाकिस्तानी महिलाले तीन वा सोभन्दा कम बच्चाको चाहना राख्ने गरेपनि सालाखाला चारजना केटाकेटी जन्माइरहेका छन् । यसबाहेक विवाहित पाकिस्तानी महिला (१५ देखि ४९ वर्ष) मध्ये २२ प्रतिशतले मात्र परिवार नियोजनका आधुनिक विधिको प्रयोग गरिरहेका

छन् । परिवार नियोजनको निकै लोकप्रिय साधन मानिएको स्थायी बन्ध्याकरण गर्नेको संख्या ८ प्रतिशत छ । कन्डमको प्रयोग गर्नेको संख्या भने ७ प्रतिशतको हाराहारीमा रहेको छ । सर्वेक्षणका अनुसार महिलाले परिवारको आकार सीमित गर्ने चाहना राख्ने भए पनि झण्डै ८४ प्रतिशतले परिवार नियोजनका कुनै पनि साधन प्रयोग गर्दैनन् । परिवार नियोजनका साधनको पहुँचमा कठिनाइ भएकै कारण उनीहरूलाई ती साधनको अभाव रहेको हो । धेरै ग्रामीण इलाकामा प्रजनन स्वास्थ्यसेवा उपलब्ध समेत छैन । यही कारण प्रत्येक तीनवटा गर्भमा एउटा योजनाविहीन हुने गरेको छ ।

महिलाको घुमफिरमा समस्या रहेका कारण गाउँबाट नजिकको स्वास्थ्य केन्द्रसम्म पुग्नका निम्ति सहज नभएको रियाज बताउँछिन् । पहिलो गर्भपतन गराउँदा पनि उनी बेलाबखत गर्भनिरोधक गोली लिइरहेकी थिइन् । "महिलाले नियमित रूपमा त्यस्ता औषधि सेवन गर्न बिर्सन्छन् । हामी घरभित्र र खेतीपातीका काममा ज्यादै अल्झिनु पर्दछ," उनी भन्छिन् । यही क्रममा उनीहरूले प्रजनन स्वास्थ्य र भलाइका साथै योजनाविहीन गर्भधारण गर्नुपर्ने अवस्था समेत छ ।

"यी योजनाविहीन गर्भधारणकै कारण धेरैजसो अवस्थामा उनीहरू गर्भपतन गर्न बाध्य हुन्छन्," मातृ तथा नवजात स्वास्थ्य राष्ट्रिय आयोगकी अध्यक्ष डा. सादिका जाफरी भन्छिन् । पाकिस्तान जनसंख्या परिषद्ले सन् २००४ मा गरेको अध्ययनले पाकिस्तानमा वार्षिक करिब ९००,००० गर्भपतन हुने गरेको देखाएको छ । कम्तीमा तीनजना बच्चा हुने र ३० वर्षभन्दा बढी उमेरका करिब २००,००० महिला असुरक्षित गर्भपतनबाट सिर्जित समस्याका कारण अस्पतालमा भर्ना हुने गरेका छन् ।

वासिङ्टनस्थित अनुसन्धान संस्था जनसंख्या ब्यूरो (पिआरबी) को अन्तर्राष्ट्रिय कार्यक्रमसम्बन्धी उपाध्यक्ष जेम्स ग्रिबलद्वारा हालै ब्लगमा राखेको सामग्रीमा भनिएको छ: "तीन वा सोभन्दा बढी बालबालिका भएपछि मात्र महिलाले परिवार नियोजनका सम्बन्धमा विचार गर्न थाल्छन् । पाँच वा सोभन्दा बढी बच्चा हुने महिलाले बन्ध्याकरण गर्न चाहने गरेका छन् ।" यो संस्थाले विश्वव्यापी जनसंख्या प्रवृत्तिलाई अनुगमन गर्दछ । अप्रिल २१ मा पिआरबीले जनसंख्यामा देखिएका समस्या अध्ययन गर्न कराँचीमा योजना आरम्भ गरेको छ । यसको लक्ष नै परिवार नियोजन र छानिएका प्रजनन सेवालाई सबलीकृत गर्ने वातावरण तयार गर्नु रहेको छ । यस योजनाले परिवार नियोजनको जरुरी र योजनाविहीन गर्भधारणको उच्च दरलाई नियाल्नु, त्यसको जोखिम, परिणाम र समाधानका उपायको खोजी गर्नु रहेको छ ।

पाकिस्तानमा १८ करोड जनसंख्या रहेको छ र यो विश्वमै बढी जनसंख्या रहेको छैटौं मुलुक हो । संयुक्त राष्ट्रसङ्घका अनुसार कम्तीमा चारजना बच्चा जन्माउने क्रम यथावत रहेमा सन् २०५० सम्ममा पाकिस्तानको जनसंख्या ४५ करोड पुग्नेछ । जनसंख्या नीति २०१० को नयाँ मस्यौदामा पाकिस्तानले सन् २०१५ सम्ममा प्रति महिलाबाट तीन जन्ममा झार्ने लक्ष राखेको छ । यही लक्ष्यलाई इरान र इन्डोनेसियाले हासिल गरेका छन् । इरानको कूल प्रजनन दर सन् २००१ मा सातजनाबाट तीनभन्दा कममा झरेको छ । यस मुलुकमा परिवार नियोजनको आधुनिक विधि प्रयोग गर्ने दम्पत्तिको संख्या ७३.८ प्रतिशत रहेको छ ।

इन्डोनेसियामा सन् १९६० को अवधिमा ६ प्रजनन दर रहेकोमा सन् २००३ मा दुई र तीनको बीचमा रहेको छ । विवाहित दम्पत्तिमध्ये झण्डै ५८ प्रतिशतले आधुनिक परिवार नियोजन साधनको प्रयोग गरिरहेका छन् । "जनसंख्याको तीव्र वृद्धि नै सबै समस्याको जननी हो," आगा खान विश्वविद्यालय अस्पतालमा स्वास्थ्य नीति एवं व्यवस्थापन कार्यक्रमका निर्देशक तथा सहायक प्राध्यापक डा. बाबर सेख भन्छन् । महिलाको प्रजनन स्वास्थ्य विषयलाई सम्बोधन गर्नेतर्फ पाकिस्तान सरकारले ध्यान नदिएको उनी बताउँछन् । जनसंख्याको विषयलाई स्वास्थ्यसँग मात्र नजोडी विकासको दृष्टिबाट हेर्नु आवश्यक रहेको छ । पाकिस्तानमा पानीको समस्या र खाद्यान्नको कमी भइसकेको सेखले चेतावनी दिएका छन् । पाँचमध्ये तीनजना पाकिस्तानी गरिबीमा बाँचिरहेका छन्, विज्ञहरू बताउँछन् । यसको अर्थ पाकिस्तानको आधा जनसंख्या हरेक दिन दुई अमेरिकी डलरभन्दा कममात्र कमाई गरिरहेको छ । रियाजको परिवारले दैनिक ८८ सेन्टभन्दा कम आर्जन गर्दछ । "जनसंख्याको आकारलाई व्यवस्थित गरेर मात्र हामीले यी समस्यालाई सम्बोधन गर्न सक्छौं र पाकिस्तानको विकासमा योगदान पुऱ्याउन सक्छौं," पाकिस्तान परिवार नियोजन संघका उपाध्यक्ष मेहताब रसिदीले बताए । "पाकिस्तानी दम्पत्तिका प्रजनन स्वास्थ्य जरुरीलाई पुरा गरेर यो कार्य आरम्भ गर्न सकिन्छ जसबाट उनीहरूले आफ्ना बालबालिकाको संख्यालाई निर्धारण गर्न सक्छन् ।"

"सरकारले २००७ देखि २०१५ बीचमा परिवार नियोजन कार्यक्रममा १३ करोड ६० लाख अमेरिकी डलर लगानी बढाएमा मात्र परिवार नियोजनमा देखिएको अभाव पुरा गर्न सकिन्छ," इन्गेज योजनाले सार्वजनिक गरेको तथ्य विवरणमा जनाइएको छ । "यसो गर्न सकेमा सन् २०१५ सम्ममा सरकारले ४० करोड अमेरिकी डलर बचाउन सक्छ । यो रकम सरकारले खर्च गर्ने रकमको तीनगुणा बढी हो ।" *(आई.पी.एस्. / एन्.पी.आई.)*

# धुम्रपान बिरूद्ध यात्रा

धुम्रपानले गर्दा बालबालिकाको शिक्षामा प्रत्यक्ष असर पर्ने गरेको छ । धुम्रपानमा आफ्नो कमाइएको दश प्रतिशत खर्च गर्ने परिवारका सदस्यहरूको शैक्षिक स्तर खस्केको अध्ययनहरूले देखाएको छ ।

यही अध्ययनका पक्षधर स्कुले बिद्यार्थीहरूले धुम्रपानको बिरुद्ध यात्रा सम्पन्न गरेका छन् । भक्तपुरको बासु उमाबिका छात्राहरू सदस्य रहेको धिमे बाजा समूहले जेठ १७ गते धुम्रपान रहित दिबसको अबसरमा आयोजित यात्राको अगुवाई गरेको हो । यात्रामा सहभागीहरूले काठमाण्डौं सहरको परिक्रमा गरेको थियो । यस बर्षको नारालाई आत्मसाथ गरी यात्रामा सहभागी बिद्यार्थी अनुज पन्तले महिलाहरूलाई चुरोट र खैनीको प्रचारमा प्रयोग गराउनु भन्दा उनीहरूलाई सांगितिक कला सिकाएमा समाजमा चुरोटका कुलतहरू घट्ने धारण राखे । यसको बिपरीत चुरोट कम्पनीहरूले स्थापित महिलाहरूलाई चुरोटको प्रचार गर्न प्रयोग गरिरहेका छन् । धिमे बजाउनेहरूले यस किसिमको प्रथा अन्त्य हुनु पर्ने बताए । धुम्रपान नगर्ने यौनकर्मीको कमाई बढी बिश्व धुम्रपान दिवसको अवसरमा हरीत समूहको लागि राकेह प्रधानले चुरोट सेवन गर्ने यौनकर्मीहरू संग बिषेश कुराकानी गरेका छन् । धुम्रपानले उनीहरूको कमाई पार्ने असरको बारेमा थाहा पाउन गरिएको कुराकानीबाट धुम्रपान छोड्नेहरूको कमाइ बढी हुने गरेको थाहा भएको छ ।

सताइस जना यौनकर्मीहरूले उनीहरूको मासिक कमाई पाँच हजारदेखि १२ हजार रुपैया सम्म रहेको जानकारी गराए । यौनकर्मी सर्मिला लवजूले केही महिना यता चुरोट त्यागेकी छिन् । चुरोट त्यागे पछि उनको मासिक कमाई ३ हजार रुपैया बढेको छ । सताइस जना मध्ये ९ जनाले धुम्रपान छोडे पछि ग्राहकहरू सन्तुष्ट भएर पहिलाको तुलना बढी टिप्स दिने गरेको अनुभव सुनाए । यो पेशा कानुन बिपरीत भएकोले यसलाई टिकाइराख्न साहूहरूले यौनकर्मीहरूलाई धुम्रपानमा फसाएका छन् । सम्मातिन पेशामा पाएमा यो यौन पेशा त्याग्न चाहने उनीहरू धुम्रपानको कुलत छोड्नलाई समस्या रहेको बताए । पढाइमा कमजोरीको कारण उनीहरूले राम्रो काम नपाउदा हेयका दृष्टिले हेर्ने यो पेशा अप्नाउन बाध्य भएका हुन । *दिपक थापा प्रशिक्षार्थी*

# नेतागिरी सिक्दै भक्तपुरे नेता

गणतन्त्र दिबसको अवसरमा भक्तपुरे प्रेसवालाहरूले भाषण गर्ने मौका पाएका छन् । स्थानीय दादागिरी क्लब मालिक सुशिल थापाले उनीहरूलाई भाषण गर्ने मौका दिएका हुन ।

संबिधान बन्न नसकेको भोलिपल्ट नेतागिरीका सिकारुहरूले गणतन्त्रको बारेमा भाषण छाँट्न पाए । यसरी भाषण छाँट्नेहरूमा भरत थापा, मकर श्रेष्ठ, लक्ष्मी गारु, एमालेका कृष्ण किसी लगायतका थिए ।



### गणेशमानभन्दा...

पदक नेपाल रत्न पाउनु पर्ने भनेपछि सुजाताले आफैं सम्मिलित भएको मन्त्रिपरिषद्को बैठकको निर्णयलाई अस्वीकार गरेकी हुन् ।

राष्ट्रपतिद्वारा गणेशमान सिंहलाई नेपाल रत्न र स्वर्गीय गिरिजाप्रसाद कोइराला र मनमोहन अधिकारीलाई राष्ट्र गौरव पदक प्रदान गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको थियो । नेपाल रत्न पदक भन्दा राष्ट्र गौरव पदक सानो अर्थात् दोस्रो तहको मानिन्छ । सुजाताको भनाईमा २०६२/०६३ को आन्दोलन र माओवादीलाई शान्ति मार्गमा कोइरालाले नै ल्याएको हुनाले र उनैको नेतृत्वमा आन्दोलन सफल भएको हुनाले गणेशमान सिंहभन्दा कोइराला होचो अर्थात् सानो नभएको तर्क प्रस्तुत गरेर बाबुको तर्फबाट आफूले पदक नलिने घोषणा गरेकीहुन् भन्ने कांग्रेसी सूत्रको दाबी छ । पहिला उनले आफू सहभागी नभएको मन्त्रिपरिषद्को निर्णय आफूले स्वीकार नगर्ने बताए पनि पछि वास्तविकता खुलेपछि फेरी जनतालाई ढाँट्नैका लागि कोइराला गणेशमान भन्दा ठूलो भएको तर्क प्रस्तुत गर्नुले कतै सत्ता गुम्ने डरले फेरी उनले सत्ताको बार्गेनिङ पार्टीसँग गरेकी हुन् कि भन्ने प्रश्न समेत उठेको छ । यदि पदक अस्वीकार गर्नु नै थियो भने किन आफैं सहभागी भएको मन्त्रिपरिषद्को बैठकमा उनले विरोध जनाइनन् । त्यसबेला पदक लिन स्वीकार गर्ने अनि पछि आफ्ना कार्यकर्ताको उक्साहटमा लागेर आफैंले गरेको निर्णय आफैंले स्वीकार गर्दिन भन्नु मन्त्री पदको मर्यादाभित्र पदर्छ कि पर्दैन ? त्यसैले भनिन्छ, ताक परे तिवारी नत्र गोतामे, कि कसो सुजाता जी ।

### सत्ताको...

जुलुस र आम हड्तालसम्म गरिसकेको माओवादीले कडा कदम चाल्ने जनाएको छ । आम हड्तालभन्दा कडा आन्दोलन भनेको युद्ध बाहेक अरु हुन सक्दैन । के माओवादीले फेरी जनयुद्ध गर्ला त ? धेरैको प्रश्न छ ।

कांग्रेस र एमालेको मार्गबाट माओवादी सहमतिमा नआउने र माओवादीको रणनीतिको औजार बन्न कांग्रेस-एमाले तयार नहुने अवस्थाले राजनीतिक तिक्तता बढ्दैछ । सत्ताको खेल र भत्ताको सवालले शान्ति र संविधान भड्खालोमा पर्दै गएको छ । अपहरण, हत्या हिंसा चन्दा मात्र होइन तराई र पहाडमासमेत जातीय विद्वेष फैलिसकेको अवस्थालाई नियन्त्रण गर्न कुनै नेता वा दल सक्षम छैनन् । यो अवस्थामा दलहरूबीच बढेको इतर, अविश्वास र मारामारले देशको अवस्था अरु अराजक र विष्फोटक बन्दै गएको छ । आगोका झिल्काहरू देखिएका छन्, यो सल्कियो भने नेपालमा राजनीतिक डँढेलो लाग्ने छ । यो अवस्थामा महाभारतको कुरु वंशको विनासलीला नेपालमा दोहोरीने छ । 'विनासकाले विपरित बुद्धि' राजनीतिक दलहरूले देखाएको चरित्र यही हो । सोझा जनता मारिने खतरा बढ्दै गएको छ ।

### राष्ट्रपति...

यसरी राज्यले दिएको विभुषण हचुवाका आधारमा दिएको आरोप लगाउँदै त्याग गर्ने र कतिपय अलोकतान्त्रिक र नजविरोधीलाई विभुषित गरिएको आरोपले तक्मा विवाद चुलिएको छ । यो विवादका कारणले राष्ट्रपतिको नैतिक आधारमा समेत पहिरो गएको छ । सरकार र राष्ट्रपति दुवै पक्षमा नैतिकता नामको गुण नभए पछि कसको के लाग्छ ? सबै भन्दा ठूलो लज्जा हो, लज्जा पचाएपछि जे गरे पनि हुन्छ ।

### पदक...

पुरस्कार र दण्डको व्यवस्था पनि उनीहरूले नै गर्ने भएको हुनाले एक माथि अर्को हस्तक्षेप स्वीकार्य हुन सक्दैन, सर्वोच्च अदालतका प्रधानन्यायाधीशले कार्यपालिकाका प्रमुखलाई चिठ्ठी लेखेरै न्यायाधिशहरूलाई दिएको पदकका बारेमा आफ्नो असन्तुष्टि जाहेर गरेका छन् । न्यायाधशिहरूको मूल्याङ्कन सरकारले गर्ने नभएर न्यायपरिषद्ले गर्ने गरेको र त्यसको अध्यक्ष प्रधानन्यायाधी नै हुने गरेको हुनाले न्याधीशका बारेमा न्यायपरिषद् र प्रधानन्यायाधीश नै जानकार हुने भएपनि अर्को निकायको सिफारिसमा पदक दिएको तर्क फेरी आफ्नो गल्ती ढाकछोप गर्न खोज्नु मात्र हो । न्यायसेवामा लामो समय काम गरेका व्यक्तिहरूलाई छोडेर राजनैतिक आस्थाका आधारमा न्यायधीशहरूलाई पदक वितरण गुर्न स्वयं राष्ट्रपतिको लागि दुर्भाग्य सावित हुनु हो । राष्ट्रपतिले सरकारको सिफरिसमा पदक वितरण गर्ने भएपनि हाल उनी पनि विवादमा तानिएका छन् । मन्त्रिपरिषद्ले कतै राष्ट्रपतिलाई विवादमा तान्नको लागि विवादास्पद व्यक्तिहरूको सिफारिस गरेर राष्ट्रपतिको मानमर्दन गर्न लागेको त होइन, भन्ने प्रश्न समेत उठेको छ । राष्ट्रपतिले अब आफूले वितरण गरेको पदकहरूको खारेजी गरी निर्णय सच्याउनु नै राष्ट्रपतिको दायित्व र कतर्व्य पनि हो ।

### सर्वोच्च...

दफा ६(२) ले काउन्सिलका अध्यक्ष र सदस्यहरूको पदावधि चार वर्ष हुने व्यवस्था गरेपनि समय अवधि नपुग्दै काउन्सिलका सदस्यहरू रामरिझन यादव, गोविन्दप्रसाद आचार्य, दामोदरप्रसाद दवाडी र संगीतालामालाई अवकाश दिएको थियो । अवकाशमा परेका अर्का सदस्य हरिगोविन्द लुइँटेलका विषयमा पहिलानै अदालतले अन्तरिम आदेश जारी गर्दै अवकाशको निर्णयलाई वदर गरिसेकेको थियो । सर्वोच्च अदालतका न्यायाधिशहरू खिलरा रेग्मी र गौरी ढकाको संयुक्त इजलासले दिएको अन्तरिम आदेशमा स्वेच्छिक राजीनामा बाहेक चारवर्षे अवधिपूरा नभई हटाउने कानूनी प्रावधान नभएको उल्लेख गरेको छ । सूचना तथा सञ्चार मन्त्रालयले वैशाख ९ गते उनीहरूलाई हटाउने निर्णय गरेको थियो । अदालतको आदेशमा भनिएको छ, काउन्सिलको सदस्यमा मानोनित भई योगदान पुऱ्याइरहेका पदाधिकरीहरूलाई उचित र पर्याप्त कारण विना अवकाश दिने कार्य न्यायपूर्ण नदेखिएको हुनाले सरकारको निर्णय बदर भागी रहेको छ । यसरी सरकार प्रत्येक कार्यमा असफल सावित हुँदै गएपनि सरकारका मन्त्रीहरू भने आफ्ना मान्छेलाई जागिर खुवाउनैका लागि कानूनको खिल्ली उडाउनैमा व्यस्त रहनुले कानूनी राज्यको उपहास भएको छ ।

### युरोपियन...

हालै वम्बैमा भएको हिन्दू धर्म सम्बन्धी सम्मेलनमा नेपाललाई हिन्दू राष्ट्र घोषणा गराउन हरप्रयास गर्ने निर्णय भएको थियो ।

विगत २ वर्षमा १० लाख गरिब नेपालीहरूलाई लोभ देखाएर र पैसा दिएर क्रिश्चियन बनाइएको छ । नेपालमा धर्म मान्ने छुट संविधानमै धर्म परिवर्तनको हक स्पष्ट पर्दा नेपाललाई २० वर्ष भित्र हिन्दूधर्मबाट धर्म निरपेक्ष र धर्म निरपेक्षबाट क्रिश्चियन राष्ट्र बनाउने युरोपियनहरूको मिशन रहेको छ । २०६४ साल जेठ १५ पछिमात्र अस्ट्रेलिया र अमेरिकाबाट धर्म परिर्वतन गराउनको लागि ३ अर्ब डलर नेपाल भित्रिसकेको स्रोतहरूले जनाकारी दिएका छन् ।

### स्यावास...

नसकेको अवधिको भत्ता फिर्ता गर्न आह्वान समेत गरेको छन् ।

भ्रष्ट अनैतिक र राजनीतिक रुपमा शक्तिशाली दल र सभासद्हरू पासवान माथि खनिएका छन् । पासवानको यो निर्णयलाई गलत र प्रचारवाजी भनिरहेका छन् । जनताले समेत 'नोवर्क नो पे' सभासद्लाई लागू हुन्छ कि हुन्न भनेर प्रश्न उठाइरहेका बेलामा पासवानले सही र जनआवज अनुरुप कदम चालेका छन् । हिम्मत छ र नैतिकता बाँकी छ भने ठूला साना सबै दलले आ-आफ्ना सभासद्हरूले २ वर्षमा खाएको भत्ता फिर्ता गरुन् । थपेको १ वर्षमा शान्ति र संविधानप्रति जिम्मेवारी देखाउन र काम गरुन् । खाली सत्ता र लुटलाई मात्र महत्व दिने हो भने दुई वर्षमा त केही भएन अबको एक वर्षमा के होला र ?

### प्रचण्डजी...

भएको प्रष्ट छ) त्यस पछि 'र' द्वारा ड्राफ्ट गरिएको १२ बूँदे सम्झौतामा पनि असफल (बहुदलीय प्रतिस्पर्धामा आउन बाध्य पारिएको) त्यसपछि भएको संविधानसभामा काकताली परेर 'बहुमत' आएता पनि गिरिजाप्रसाद बाट ढिलो गरी सत्ताको नेतृत्व लिन सफल भएको र आफ्नो त्यो 'बहुमतिय सरकार' पनि टिकाउन नसकी नौ महिनामै राजीनामा दिनु परेको, त्यसपछिका हरेक आन्दोलनहरू चाहे त्यो रुकमाङ्गत कट्वालका विरुद्धमा होस् चाहे त्यो राष्ट्रपति भनाउँदोको असम्वैधानिक कदमका विरुद्धमा होस् चाहे संसद् अवरुद्ध गर्ने होस्, चाहे सिंहदरबार घेराउ होस् वा चाहे पशुपतिका मूल भट्ट विरुद्धको 'शसक्त' आन्दोलन नै किन नहोस् ? हरेक मोर्चामा यो एनेकपा माओवादी असफल छ । हूँदा हुँदा माधवलाई फ्याँक्न गत मे १ तारिखको मजदुर दिवस पारेर आयोजना गरिएको 'अन्तिम लडाइँ' को पनि कन्तविजोग भएपछि अब श्रीमान् प्रचण्ड र उनका 'सेना-मेना' ले फूर्ति नझारे हुन्छ भनेर पो भन्न थाले आम नागरिकहरूले !? अब हेरौ त अहिले 'धोक भो रे'- यिनलाई !! अब एनेकपा माओवादीका विशुद्ध कार्यकर्ताहरूले यसरी पटक पटक अरुबाट धोका खाने, अनि अरुबाट पाएको 'धोका' पार्टी र कार्यकर्ताहरू माथि जबर्जस्ती लाद्ने प्रचण्ड, बाबुराम, वैद्य आदिहरूलाई थाप्ला मै राखिरहेर आफू र आफ्नो पार्टीको बिल्लीबाठ भएको हेरिरहने ? वा केही 'कदम' आ-आफ्नो तर्फबाट उठाउने पनि ? त्यतातिर सोच्न जरुरी भइसकेको छ । भन्नु पर्दा, अहिले माओवादीका कार्यकर्ताहरू टाउको निहुराएर हिड्नु पर्ने अवस्थामा पुगेका छन्- श्रीमान् प्रचण्डहरूका कारणले । न सिद्धान्तमा अडिन सकिया छ, न आफैंले बनाएको रणनीतिलाई पूर्ण कार्यान्वयन गराउन सकिया छ, न... यता न... उता !! कतै पनि केही छैन । त, यस्तो कन्तविजोग अवस्थामा पार्टीलाई पुऱ्याउन श्रीमान् प्रचण्ड एण्ड कम्पनीको ठूलो योगदान छ । यो कुरा पार्टीका सम्पूर्ण सदस्यहरूले बुझिराखे– वेश । त धोका, माधव एण्ड कम्पनीबाट पक्कै पनि भएको छैन् । बरु प्रचण्डहरू बाट आफ्नै पार्टीलाई, आफ्ना कार्यकर्ताहरूलाई र समर्थकहरूलाई पो ठूलो धोका भएको छ !! होइन र ? त्यसकारण प्रचण्डहरूले ठूलठूला कुरा गर्नुभन्दा आफ्नो हैसियत र औकात हेरेर मात्र बोल्नु र गर्नु राम्रो हुन्छ कि ?

तेलको थोपा-थोपा जोगाऔं
इन्धन खर्च घटाऔं ।
नेपाल आयल निगम लि.
बबरमहल, काठमाडौं

बरु खानु कोदो मकै बरु खानु फापर,
घूस खानेलाई कानूनलाई लाउँछ ठूलो झापड ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## डा.भक्तमान श्रेष्ठ वेपत्ता काण्डमा राज्य र माओवादीबीच दोहोरी

काठमाडौं / राज्य र राज्य नजिकका स्रोतहरू क्यान्सर अस्पताल भरतपुरका डा.भक्तमान श्रेष्ठको अपहरण काण्डको खुलासा गर्ने अवस्थामा पुगेको र कसैलाई आरोप लगाउनु अघि पक्का प्रमाण खोज्ने काम भइरहेको जनाएका छन् । नागरिक, पत्रपत्रिका र प्रहरी स्रोतका अनुसार पनि डा.भक्तमान श्रेष्ठको अपहरण माओवादीले गरेको र पहाडको कुनै कुनामा लगेर राखिएको हुन सक्ने आशंका गरिएको छ ।

यसैबीच मंलगबार माओवादी उपाध्यक्ष डा.बाबुराम भट्टराईले चितवन पुगेर अपहरणको निन्दा गर्दै खोजी कार्यमा सघाउने बताएका छन् भने सोही दिनको जनादेशमा माओवादीले सरकारी संरक्षणमै डा.भक्तमानको अपहरण भएको बताएको छ । राज्यपक्ष र माओवादीबीचको यो वाद-प्रतिवादको चेपोमा डा.भक्तमान श्रेष्ठको स्थिति शक्तिखोरमा मारेर नारायणीमा फालिएको रामहरि हत्याकाण्डकै रुप लिने त होइन भन्ने त्रासदी फैलिएको छ ।

डा. भक्तमानको अपहरण भएको र उनी सकुशल रहेका संकेतहरू आइरहेका छन् । तर उनी कहाँ छन् र उनको अपहरण किन गरिएको भन्ने सवाल दिनदिनै रहस्यमय बनेको छ । १९ दिन भइसक्दा पनि राज्यले एउटा डाक्टरको स्थिति पत्ता लगाउन सक्दैन भने जनताको शान्ति सुरक्षाको स्थिति के होला ? राज्यको सत्ता पक्ष र विपक्ष दोहरी खेलिरहने र जनताले आहात मात्र पाउने हो भने यस्तो राज्य व्यवस्थालाई निरङकुश मात्र भन्न सकिन्छ । लोकतन्त्रको दोसल्ला ओढेर कहिलेसम्म सर्वसत्तावाद चलाइरहने ?

SINCE 1890
San Miguel BEER

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन नम्बर : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९ मुद्रण : इमेज अफसेट प्रेस, ललितपुर